http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको त्रैमासिक प्रकाशन

वर्ष ७, अङ्क ७, २०७६ कार्तिक-पौष   Year 7, Issue 7, October 2019-January 2020

## राजस्व संकलनमा २५.३३ प्रतिशतको उत्साहजनक बृद्धिदर

आर्थिक वर्ष २०७६/७७ को लागि विभागलाई रु.५०६ अर्व १८ करोडको लक्ष्य प्राप्त भएको छ । उक्त लक्ष्य मध्ये श्रावणदेखि पौष ६ महिनाको लागि रु.२३० अर्व ९७ करोड लक्ष्य रहेकोमा रु.२०४ अर्व ६७ करोड संकलन भई लक्ष्यको तुलनामा ८८.६१ प्रतिशत संकलन भएको छ । यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा रु.६७ अर्व ६८ करोड अर्थात २५.३३ प्रतिशतले बढी हो ।

शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु.१०८ अर्व ११ करोडको लक्ष्यमा रु.९८ अर्व ५६ करोड संकलन भई लक्ष्यको तुलनामा ९१.१६ प्रतिशत संकलन भएको छ । मूल्य अभिबृद्धि करतर्फ रु.५४ अर्व २१ करोड लक्ष्यमा रु.५३ अर्व अर्थात लक्ष्यको ९७.७६

बाँकी पृष्ठ ६ मा

## आठौं राष्ट्रिय कर दिवस




आठौं राष्ट्रिय कर दिवस मूल समारोहको माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले एक समारोहका बीच समुद्घाटन गर्नु भएको छ। उक्त कार्यक्रममा राष्ट्रिय कर दिवस स्मारिका,२०७६ तथा विभागको आर्थिक वर्ष २०७५/७६ को बार्षिक प्रतिवेदनको लोकार्पण समेत गरिएको थियो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले सरकारले वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी कर प्रणाली विकास गरी लगानीमैत्री वातावरण सिर्जना गर्ने, उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन र औद्योगिक संरक्षण गर्ने, आन्तरिक राजस्वको मजबुत आधार बनाउन सबै किसिमका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउदै कर छली तथा चुहावट नियन्त्रण गरी करको दायरा फराकिलो बनाउने, आयात निरुत्साहित गर्ने एवम् निर्यात प्रवर्द्धन गर्ने, दक्ष, व्यवसायिक, स्वच्छ एवम् करदातामैत्री कर प्रशासनको विकास र प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोगलाई बढाई करदाताको स्वेच्छिक कर सहभागिता अभिबृद्धि गरी थप राजस्व परिचालन गर्ने नीति सरकारले लिएको बिषयमा जानकारी गराउनु भयो । कर प्रशासन र निजी क्षेत्र एक अर्काका परिपूरक रहेको बताउदै अर्थमन्त्री खतिवडाले आपसी सहकार्यका लागि निजी क्षेत्रलाई आह्वान समेत गर्नुभयो ।

बाँकी पृष्ठ ३ मा....

यसभित्र

स्थायी संस्थापन सम्बन्धी तालिम सम्पन्न — पृष्ठ ७

सुचना प्रविधि प्रयोगशाला हस्तान्तरण — पृष्ठ ८

करदाता सेवा कार्यालय समुद्घाटन — पृष्ठ १०

# महानिर्देशकको सन्देश



**राजस्व प्रशासनलाई स्वच्छ बनाउनका लागि सदाचारिता र उच्च नैतिकता अनिवार्य शर्त हुन्। यसको पुर्ण परिपालना गर्न सकिएमा राजस्व प्रणालीमा नै सुधार गर्न सकिने भएको हुंदा यस तर्फ सबैको ध्यान आकृष्ट गर्न चाहान्छु । ईमान्दार करदाता, पारदर्शी कर प्रशासन र स्पष्ट कर कानून कर प्रणालीका आधार स्तम्भहरू हुन्। यी तीनै पक्षको प्रभावकारी कार्यान्वयन हुन सकेको खण्डमा मात्र राजस्व प्रशासनको छवि उच्च राख्न सकिने भएको हुंदा यसको प्रभावकारी कार्यान्वयन अपरिहार्य छ। अतः स्वच्छ कर प्रशासनः विकास र सुशासन भन्ने नारालाई सफल रूपमा कार्यान्वयन गर्न सदाचारिता र उच्च नैतिकताको अनिवार्य रूपमा अवलम्बन गर्न कर प्रशासन र करदातालाई स्मरण गराउन चाहान्छु ।**

हामी चालू आर्थिक वर्षको छ महिना व्यतित गरी अर्धवार्षिक समीक्षाको तयारीमा छौं। चालू आर्थिक वर्षको श्रावणदेखि पौष महिनासम्म रु.२०४ अर्ब ६७ करोड राजस्व संकलन गर्न सफल भएका छौं। जुन गत वर्षको संकलनको तुलनामा २५.३३ प्रतिशतले बढी हो। आयकर रु. १११ अर्ब ३४ करोड मूल्य अभिबृद्धि कर रु. ५३ अर्ब, अन्तशुल्क रु. ३८ अर्ब ३५ करोड र स्वास्थ्य सेवा कर र शिक्षा सेवा शुल्क रु.१ अर्ब ९७ करोड संकलन गरी समग्रमा २५.३३ प्रतिशतको बृद्धि कायम गर्न सकेकोमा हामी उत्साहित भएका छौं। यो राजस्व बृद्धि प्राप्त गर्ने कार्यका लागि म सम्पूर्ण कर परिवार तथा करदाताहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै आगामी दिनमा समेत यो बृद्धिदरलाई अझ उच्च बनाई आफूलाई तोकिएको समग्र कार्यमूलक परिसूचककहरुमा प्रगति हासिल गर्न सम्पूर्ण कार्यालयहरुलाई दत्तचित्त भई कार्य गर्न अनुरोध गर्दछु।

आन्तरिक राजस्व विभागबाट यो अर्धवार्षिकमा कर प्रशासनको सुधार एवं सेवा प्रवाहमा चुस्तता ल्याउने अभिप्रायले विभिन्न गतिविधिहरु संचालन गरेका छौं। कर प्रशासनमा कार्यरत जनशक्तिको व्यवसायिकता प्रवर्धन गर्ने अभिप्रायले विशिष्टीकृत विषयमा तालिमहरु सञ्चालन गरिएको छ । यसै अवधिमा कर सचेतनाको प्रवर्धन र करदातामा जागरण ल्याउने अभिप्रायले "स्वच्छ कर प्रशासनः विकास र सुशासन" भन्ने मूल नाराका साथ आठौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह सफलतापूर्वक सम्पन्न भएको छ। करदाता शिक्षाको माध्यमबाट करदाताहरुमा जागरण ल्याउने र प्रभावकारी एवं गुणस्तरीय सेवा प्रवाहबाट परिपालनाको स्तर बढाइ बढ्दो सार्वजनिक खर्चको आवश्यकता धान्ने गरी राजस्व प्रणालीलाई भरपर्दो, पूर्वानुमानयोग्य तथा लगानीमैत्री बनाउन राजस्व नीति, रणनीतिक योजना र सो अनुसारको कार्ययोजना तय भई कार्यान्वयन भईरहेका छन् । यसका साथै आधुनिक कर प्रशासनका लागि सूचना प्रविधिमा थप विस्तार र सुधार गर्ने कार्य विभागको प्राथिमकतामा रहेको छ । करदातामैत्री कर प्रशासनको सुनिश्चितताका लागि आन्तरिक राजस्व प्रशासनको क्रमशः संगठन विस्तार हुदै गई करदातालाई नजिकबाट सेवा प्रवाह भईरहेको तथा सहभागिता लागत न्यून गर्ने व्यवस्थाको लागि प्रक्रियागत सरलीकरणका कार्यहरु समेत भईरहेका छन् । यस्ता सुधारका श्रृङ्खलाहरुले स्वैच्छिक कर परिपालनाको स्तर अभिबृद्धि हुनेमा म विश्वस्त छु।

समग्र कर प्रशासनका काम कारवाहीलाई प्रक्रियागत सरलीकरण गरेर सूचना प्रविधिमा आवद्ध गर्दै लैजान सकेमा करदाताहरुले वेहोर्नु परेको अफठ्याराहरुमा सहजता आउनेछ । विभागले आफ्ना काम कारवाहीहरुलाई यिनै विषयमा केन्द्रीकृत गरी कार्य गरिरहेको छ। अर्कोतर्फ विभागको ध्यान राजस्व प्रशासनलाई स्वच्छ बनाउनका लागि सदाचारिता र उच्च नैतिकता प्रवर्द्धन गर्नेतर्फ समेत रही आएको छ। ईमानदार करदाता, पारदर्शी कर प्रशासन र स्पष्ट कर कानून कर प्रणालीका आधार स्तम्भहरु हुन्। यी तीन वटै पक्षको प्रभावकारी कार्यान्वयनबाट राजस्व प्रशासनको छवि उच्च राख्न सकिने भएको हुँदा यसको प्रभावकारी कार्यान्वयन अपरिहार्य छ । यसका साथै "स्वच्छ कर प्रशासनः विकास र सुशासन" भन्ने नारालाई सफल रुपमा कार्यान्वयन गर्न सदाचारिता र उच्च नैतिकताको अनिवार्य रुपमा अवलम्वन गर्न कर प्रशासन र करदातालाई स्मरण गराउन चाहन्छु।

कर छली तथा कर चुहावटलाई रोक्न विभाग र मातहतका कार्यालयहरुले निगरानी बढाई चनाखो भई काम गर्नुपर्ने देखिएको छ । माननीय अर्थमन्त्रीज्यू, श्रीमान् सचिवज्यूहरुबाट विभिन्न समयमा हामीलाई प्राप्त निर्देशन र मार्गदर्शन समेतलाई ध्यानमा राखी अबका दिनमा प्रभावकारी बजार अनुगमन, गुणस्तरीय कर परीक्षण र अनुसन्धान, बक्यौता असुली र बेरुजू फछ्यौंट जस्ता कार्यहरुलाई प्राथमिकता दिन तथा करदाता शिक्षालाई सघन रुपमा संचालन गरी करदाता शिक्षा तथा कानून कार्यान्वयन (Enforcement) को माध्यमबाट कर परिपालना बढाउनेतर्फ सबैको ध्यान आकृष्ट गराउन चाहन्छु। यसका लागि नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग वाणिज्य महासंघ, जिल्ला स्थित विभिन्न वस्तुगत संघहरु, संचार माध्यम, करदाता लगायत सम्पूर्ण सरोकारवालाहरुको सहयोगको अपेक्षा गरेको छु।

**बिनोद बहादुर कुँवर**
**महानिर्देशक**
**२०७६, माघ**

पृष्ठ १ बाट क्रमशः

## आठौं राष्ट्रिय कर दिवस...

कार्यक्रममा अर्थसचिव राजन खनालले दिगो र भरपर्दो कराधार नीति तथा प्रगतिशील राजस्व प्रणालीको विकास गरी समृद्ध अर्थतन्त्र निर्माण गर्न सबै करयोग्य आर्थिक कारोवारलाई करको दायरामा ल्याउने, समयानुकूल कर प्रशासनको क्षमता अभिबृद्धि गर्ने तथा नीतिगत, कानूनी, संस्थागत एवं प्रविधिगत क्षेत्रमा संरचनात्मक सुधार गरी सुशासनको प्रत्याभूति दिने गरी सेवा प्रवाहलाई करदातामैत्री बनाउनु आवश्यक रहेको उल्लेख गर्नुभयो । साथै उहाले कर प्रशासनका सबै कार्यलाई सूचना प्रविधि प्रणालीमा समावेश गर्ने e-payment को अभ्यासका लागि लागिपरेको विषय व्यक्त गर्दै स्वविवेकीय अधिकारको न्यूट्रलाईजेशनका लागि पनि e-payment जरूरी रहेको बताउनु भयो । कर कानून र कर प्रणाली थप सुधार मार्फत समग्रमा डुईङ्ग विजिनेश कष्ट घटाउनुपर्ने कुरामा जोड दिन आग्रह गर्नुभयो । यसको लागि निजी क्षेत्रको सकरात्मक सहयोगको अपेक्षा गर्नुभयो ।

त्यसै गरी कार्यक्रमका सभापति एवं अर्थ मन्त्रालयका सचिव (राजस्व) शिशिर कुमार ढुङ्गानाले आजको यो कार्यक्रमले कर प्रणालीमा थप सुधार ल्याउन र ***स्वच्छ कर प्रशासनः विकास र सुशासन*** भन्ने नारालाई पूर्णता दिन टेवा पुऱ्याउने विषयमा जोड दिनुभयो । कर फिर्ताको समय ६ महिना बाट ४ महिनामा घटाईएको, मुद्दाको धरौटी घटाई एक चौथाई बनाईएको, डुईङ्ग बिजिनेश कष्टलाई घटाउने थप आधारहरु सृजना भएको, पहिलो पुस्ताको सुधार पुरा भएको र दोस्रो पुस्ताको सुधारतर्फ लाग्नु पर्ने भनाई व्यक्त गर्नुभयो । विद्युतीय कारोबारलाई कसरी दायरामा ल्याउने र विलिङ्ग प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ लाग्नुपर्ने बेला आएकोले व्यवसायीहरुले पनि स्वच्छ व्यवसाय संचालन गर्नुपर्ने विषयमा जोड दिनुभयो । नीति तथा कार्यक्रम र बजेटले धेरै सुधारका कार्यहरु ल्याएको र यसको सफल कार्यान्वयनमा निजी क्षेत्रको सक्रिय सहभागिता आवश्यक रहने भन्दै यसमा निजी क्षेत्रको क्रियाशीलता र सहकार्यको अपेक्षा गर्नुभयो । आ.व. २०७६/७७ को बजेट बक्तब्य र नीति तथा कार्यक्रमको कार्यान्वयन तथा सूचना प्रविधिको उच्चतम प्रयोगवाट प्रभावकारी राजस्व परिचालन गर्न आन्तरिक राजस्व विभाग सक्षम हुनेछ भन्ने विश्वास व्यक्त गर्नुभयो ।

विभागका महानिर्देशक विनोद वहादुर कुँवरले अतिथि तथा सहभागीहरुलाई स्वागत गर्नुहुँदै कर दिवसमा कर सम्बन्धी विषयमा आम उपभोक्ता तथा करदातालाई थप जागरुक बनाउने, कर सम्बन्धी अन्तरक्रिया र बहस संचालन गर्ने, कर सम्बन्धी व्यवस्थाहरुको प्रचार प्रसार गरिने लगायतका र कर प्रणाली सुधारका लागि पृष्ठपोषण समेत प्राप्त हुने हुँदा यसको औचित्य रहेको बताउनुभयो । साथै सरकारले लिएको समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोचलाई साकार पार्न दिगो र भरपर्दो नीतिको कार्यान्वयन गर्ने वैज्ञानिक, अनुमान योग्य, पारदर्शी कर प्रणालीको विकास गर्ने, सबै करयोग्य आर्थिक कारोबारलाई करको दायरामा ल्याउने, समयानुकूल कर प्रशासनको क्षमता अभिबृद्धि गरी सेवा प्रवाहलाई करदातामैत्री बनाउने, स्वच्छ, सदाचार युक्त, पारदर्शी, सुदृढ, प्रभावकारी, न्यायपूर्ण, समसामयिक र अन्तर्राष्ट्रिय कर प्रणालीसँग तादाम्यता कायम गर्न सक्ने कर प्रशासनको विकास गर्ने र करदातामा सुशासनको प्रत्याभूति गराउने कार्यलाई प्राथमिकता दिई कार्यान्वयन गरिने हुँदा यस कार्यका लागि करदाता, आम नागरिक, सरकारी क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र लगायत सम्बन्धित सबै क्षेत्रबाट सहयोग प्राप्त हुने अपेक्षा गर्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष शेखर गोल्छाले खुला बजार अर्थतन्त्रमा सरकार र निजी क्षेत्र एक अर्काका परिपूरक भएको बताउँदै करको दायरा बिस्तार गर्नुपर्दछ तर सरकारको PAN for All नीतिले साना व्यवसायीलाई मर्का परेको बताउनुभयो । उहाँले रोजगारी बढाउन सरकारले निजी क्षेत्रलाई थप सहुलियत दिनुपर्ने, अनियन्त्रित ब्याज दर लाई रोक्नुपर्ने, व्यवसायीलाई भयभीत र त्रसित बनाउने कार्य रोक्नुपर्ने लगायतका विषयमा जोड दिनु भयो । आम जनतामा कर सम्वन्धी सचेतना अभिबृद्धि गर्नुपर्ने र त्यसो भएमा मात्र स्वच्छ व्यवसाय, स्वच्छ प्रशासन हुने धारणा व्यक्त गर्नुभयो ।

त्यसै गरी नेपाल उद्योग परिसंघका कार्यवाहक अध्यक्ष बिष्णु अग्रवालले स्वच्छ मनले व्यवसाय गर्न व्यवसायी एवं करदातालाई सहयोग गर्न र नेपालमा औद्योगिक क्षेत्रमा काम गर्ने वातावरण सृजना गर्न र संस्थागत आयकरको दर घटाउन नेपाल सरकारलाई आग्रह गर्नुभयो । मन्तव्यकै क्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेशकाजी श्रेष्ठले सहज र सरल रुपमा कर तिर्ने वातावरण सृजना गर्न सरकारसँग आग्रह गर्नुभयो । कार्यक्रममा सम्मानित करदाताहरूको तर्फबाट बोल्दै राष्ट्रिय बाणिज्य बैकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले पछिल्ला समयमा कर प्रणालीमा सुधार आएको छ भन्नुभयो । सुधारका प्रयासलाई सराहना गर्दै करदाता शिक्षामा जोड दिन आग्रह गर्नुभयो । उहाँले कर प्रशासन र करदाता बीच रहेका समस्यालाई सहज र सरल तरिकाबाट समाधान गर्नुपर्नेमा जोड दिनुभयो ।

महालेखा नियन्त्रक, अर्थ मन्त्रालयका पदाधिकारीहरु, विभागीय प्रमुखहरु, उद्योग वाणिज्य क्षेत्रका विशिष्ट व्यक्तित्वहरु, आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुका कर्मचारीहरु तथा पत्रकार लगायत विभिन्न सरोकारवाला महानुभावहरुको उल्लेख्य उपस्थिति रहेको उक्त समारोहमा आर्थिक वर्ष २०७४/७५

मा करको परिपालना सहित सवै भन्दा बढी कर तिर्ने र मूल्य अभिबृद्धि कर सहभागिता वृद्धि गरी अधिक कर तिर्ने विभिन्न व्यवसायिक क्षेत्रका बढी राजस्व दाखिला गर्ने १५ जना करदातालाई सम्मान गरियो। त्यसैगरी विभाग र मातहत कार्यालयमा कार्यरत रही उत्कृष्ट कार्यसम्पादन गर्ने १० जना कर्मचारीलाई पुरस्कृत गरियो।

नेपालमा आधुनिक आयकर प्रणालीको शुरूवात भएको झण्डै ६ दशक र मूल्य अभिबृद्धि कर शुरूवात भएको पनि दुई दशक पुरा भैसकेको छ। मूल्य अभिबृद्धि करलाई आन्तरिक राजस्व परिचालनको मेरुदण्डको रूपमा विकास गर्ने अभिप्रायले यो कर लागू भएको मिति २०५४ मंसिर १ गतेलाई स्मरण गर्दै हरेक वर्ष राष्ट्रिय कर दिवस तथा कर सप्ताह मनाउँदै आएकोमा यस वर्ष पनि मंसिर १ गते राष्ट्रिय कर दिवस मनाइएको हो। कर दिवसमा करदातालाई केन्द्रविन्दुमा राखी उनीहरुको अधिकतम सहभागीता सहित निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरुसँगको सहकार्यमा रचनात्मक कार्यक्रमहरु संचालन हुने र यी कार्यक्रमहरुबाट आम नागरिकमा कर सम्बन्धी जागरण आउने, करको दायरामा थप विस्तार हुने तथा गुणस्तरीय सेवाप्रवाह भई स्वेच्छिक कर सहभागिता अभिबृद्धि हुने भएकोले यस दिवसको विशेष महत्व रहेको छ। सेवाप्रवाहमा चुस्तता ल्याइ करदातामा स्वतः स्फूर्त रुपमा करका कानूनको परिपालना गर्ने बानीको विकास गराउन कर दिवस तथा कर सप्ताहले अभिप्रेरित गर्नुका साथै निजी क्षेत्र र कर प्रशासनबीचको सहसम्बन्ध तथा सहकार्यलाई थप मजबुत बनाउदै लैजाने विश्वास गरिएको छ।

यस्ता रचनात्मक कार्यक्रममा सञ्चार क्षेत्र र सञ्चारकर्मीबाट पनि सहयोग हुने हुनाले पत्रकार सम्मेलनको आयोजना गरी **“स्वच्छ कर प्रशासनः विकास र सुशासन”** भन्ने मूलनाराका साथ आठौ राष्ट्रिय कर दिवस, २०७६ मनाउन गरिएको तयारी र कर सप्ताहमा आयोजना गरिएका करदाता शिक्षा, सचेतना तथा अन्तरक्रियात्मक कार्यक्रमहरूको जानकारी गराईयो। यस कार्यको व्यापक प्रचार प्रसार तथा संयोजनका लागि नेपाल आर्थिक पत्रकार समाजको सहयोग, समन्वय र सहकार्य हुने अपेक्षा समेत व्यक्त गरियो।

कर प्रशासन र करदाताबीचको दुरी कम गर्दै करदाता शिक्षाका माध्यमबाट कर सम्बन्धी विविध पक्षको जानकारी करदाता समक्ष पुऱ्याउने उद्देश्यका साथ मंसिर १ देखि ७ गतेसम्म सप्ताहव्यापी कार्यक्रमहरु आयोजना गरी राष्ट्रव्यापीरूपमा कर दिवस सम्पन्न भएको छ। कर सप्ताहको पहिलो दिन मंसिर १ गते विहान कर प्रशासनका कर्मचारीहरु, नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, राष्ट्रिय उद्योग व्यापार संगठन लगायतका बस्तुगत संघ संगठनहरुका पदाधिकारी, करदाताहरु समेतको सहभागिता र सहकार्यमा “स्वच्छ कर प्रशासनः विकास र सुशासन” भन्ने मूल नाराका साथ नेपाल प्रज्ञा प्रतिष्ठानमा मूल समारोह आयोजना गरिएको थियो। कर सप्ताहको अन्तिम दिन अर्थात मङ्सिर ७ गते आन्तरिक राजस्व विभाग र नेपाल उद्योग बाणिज्य महासंघको संयुक्त आयोजना मा. अर्थमन्त्री डा. युवराज खतिवडाको समुपस्थितिमा सिस्नुपानी नेपालको करमैत्री यात्रा हाँस्य व्यङ्ग्य कार्यक्रम सहित आठौं राष्ट्रिय कर दिवस २०७६ सम्पन्न गरियो।

# सिस्नुपानी नेपालको कार्यक्रम

करदातालाई कर सम्बन्धी सचेतना र जनजागरण फैलाउने उद्देश्यले सिस्नुपानी नेपालद्वारा करमैत्री यात्राः हास्य व्यङ्ग्य कार्यक्रमको समुद्घाटन मिति २०७६/०७/२१ गते अर्थ मन्त्रालयका राजस्व सचिव शिशिर कुमार ढुङ्गानाद्वारा धुलिखेलमा भएको थियो। सिस्नुपानी नेपालका संयोजक एवं वरिष्ठ हास्य कलाकार मनोज गजुरेल सहितको टोलीले सञ्चालन गरेको उक्त कार्यक्रम विराटनगर, विरगंज, पोखरा, नेपालगंज, भद्रपुर लगायत देशका प्रमुख सहरहरुमा सञ्चालन भएको थियो। कार्यक्रममा आम नागरिक तथा करदाताको उल्लेख्य सहभागीता थियो। मिति २०७६/०८/०७ गते कर सप्ताहको अन्तिम दिन नेपाल पुलिस क्लव काठमाण्डौमा माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको समुपस्थितिमा सिस्नुपानी नेपालको प्रस्तुतीसँगै कार्यक्रमको समापन भएको थियो।

# कर दिवसको पूर्वसन्ध्यामा पत्रकार सम्मेलन

मिति २०७६/०७/३० गते आठौं राष्ट्रिय कर दिवस, २०७६ को पूर्वसन्ध्यामा आर्थिक पत्रकार समाज (सेजन) को उपस्थितिमा विभागको सभाहलमा पत्रकार सम्मेलनको आयोजना गरियो। विभागका महानिर्देशक विनोद बहादुर कुँवरले आठौं राष्ट्रिय कर दिवस माथि प्रकाश पार्दै आन्तरिक राजस्व परिचालनको महत्वलाई आत्मसात गर्दै नेपालमा मूल्य अभिबृद्धि कर लागू भएको दिन मंसिर १ गतेलाई हरेक वर्ष राष्ट्रिय कर दिवस (National Tax Day) को रुपमा मनाउने र सो अवसरमा कर सहभागिता एवं राजस्व संकलनमा उल्लेखनीय योगदान पुऱ्याउने करदातालाई सम्मान एवं राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरूलाई पुरस्कृत गरिने र नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६९।०७।०२ को निर्णयानुसार सर्वसाधारणमा कर सम्बन्धी सचेतना बढाउने उद्देश्यका साथ आन्तरिक राजस्व विभागले सप्ताह व्यापी कार्यक्रम संचालन गरी राष्ट्रिय कर दिवस मनाउँदै आएको विषयमा जानकारी गराउनु भयो। करदातालाई केन्द्रविन्दुमा राखी करदाताको अधिकतम सहभागिता सहित निजी क्षेत्रका प्रतिनिधिमूलक



संस्थाहरूको सहयोग तथा सहकार्यमा रचनात्मक कार्यक्रमहरू संचालन गरिने कार्यक्रमहरुबाट आमनागरिकमा कर सम्बन्धी जागरण आउने, करको दायरा थप विस्तार हुने तथा गुणस्तरीय सेवा प्रवाह भई स्वेच्छिक कर सहभागिता अभिबृद्धि हुने भएकाले कर दिवस र सप्ताह व्यापी कार्यक्रमको विशेष महत्व रहेको कुरामा जोड दिँदै आर्थिक पत्रकार समाज (सेजन)को कर सम्वन्धी सचेतना फैलाउने कार्यमा गरेको योगदानको कदर गर्दै **"स्वच्छ कर प्रशासन: विकास र सुशासन"** भन्ने मूलनाराका साथ आठौं राष्ट्रिय कर दिवस, २०७६ लाई सफल बनाउन व्यापक प्रचार प्रसार तथा संयोजनका लागि थप सहयोग, समन्वय र सहकार्य हुने अपेक्षा समेत व्यक्त गर्नुभयो। कर सप्ताहमा आयोजना गरिएको करदाता शिक्षा, सचेतना तथा अन्तक्रियात्मक कार्यक्रमहरूको जानकारी गराउँदै विभागका निर्देशकज्यूहरुले पत्रकार हरुवाट राखिएका जिज्ञासाहरुको जवाफ समेत दिनुभयो।

## आन्तरिक राजस्व विभागको

**ठेक्का वा करार अन्तर्गतको मूल्य अभिवृद्धि कर भुक्तानी सम्बन्धी सूचना।**

"सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्नेछ" भन्ने व्यवस्था कार्यान्वयनका क्रममा यस अघि भएको परिपत्र एवं सूचना पश्चात पनि केहि द्विविधा रहन गएको बुझिन आएकोले उक्त व्यवस्था ठेक्का संझौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा वापतको भुक्तानीमा मात्र आकर्षित हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## राजस्व संकलनमा.....

प्रतिशत संकलन भएको छ। अन्तःशुल्क संकलनमा रु.४९ अर्व ३४ करोड लक्ष्य भएकोमा रु.३८ अर्व ३५ करोड अर्थात लक्ष्यको ७७.७२ प्रतिशत संकलन भएको छ। ब्याजकर तर्फ रु.१५ अर्व ९९ करोड लक्ष्य भएकोमा रु.११ अर्व १३ करोड अर्थात लक्ष्यको ६९.६१ प्रतिशत संकलन भएको छ। त्यसैगरी शिक्षा सेवा शुल्कमा रु.६४ करोड लक्ष्यमा रु.३६ करोड संकलन भई लक्ष्यको तुलनामा ५७.५० प्रतिशत संकलन भएको छ।

| क्षेत्र | गत आ.व. को संकलन (रु. हजारमा) | पौषसम्मको लक्ष्य (रु. हजारमा) | पौषसम्मको संकलन (रु. हजारमा) | प्रगति (प्रतिशतमा) | बृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| आयकर | ७६६७९१३५ | १०८११६५८१ | ९८५६१३५८ | ९१.१६ | २८.५४ |
| बहालकर | १७०७३१६ | २६६२०७४ | १६४७९८७ | ६१.९१ | (३.४७ |
| ब्याजकर | ९३७१२८४ | १५९९७५३८ | १११३५८४९ | ६९.६१ | १८.८३ |
| जम्मा आयकर | ८७७५७७३५ | १२६७७६१९३ | १११३४५१९४ | ८७.८३ | २६.८८ |
| मूल्य अभिवृद्धि कर (आन्तरिक) | ३९७९१३०० | ५४२१३०५५ | ५३०००३७७ | ९७.७६ | ३३.२० |
| अन्तःशुल्क (आन्तरिक) | ३३९८७१८९ | ४९३४७२०८ | ३८३५१२२३ | ७७.७२ | १२.८४ |
| स्वास्थ्य सेवा कर | ११५८८०८ | ० | १६०३८५२ | | ३८.४१ |
| शिक्षा सेवा शुल्क | ६०४०९६ | ६४३२९४ | ३६९८६३ | ५७.५० | (३८.७७ |
| कुल जम्मा | १६३२९९१२८ | २३०९७९७५० | २०४६७०५०९ | ८८.६१ | २५.३३ |

# विद्युतीय वीजक सम्बन्धी कार्यविधि, २०७४ मा भएको संशोधन सम्बन्धी सूचना

**विद्युतीय वीजक सम्बन्धी कार्यविधि, २०७४ मा मिति २०७६/४/१३ मा भएको तेश्रो संशोधनले कार्यविधिको परिच्छेद - ३ को सि.नं. ३ को खण्ड (ख) देहाय बमोजिम कायम भएको व्यहोरा जानकारी गराईएको छ।**

विद्युतीय माध्यमबाट वीजक जारी गर्न प्रयोग गरिने विद्युतीय उपकरण तथा सफ्टवेयरमा यस कार्यविधि बमोजिमका मापदण्डहरु पूरा भएको व्यहोरा उक्त उपकरण वा सफ्टवेयरको उत्पादन स्वदेशमा भएको भए सोको उत्पादक स्वयंले र विदेशबाट आयात भएको भए सोको आधिकारीक वितरक स्वयंले परिच्छेद-१ बमोजिमको ढाँचामा प्रमाणिकरण गरी विभागमा सूचीकरण गराउनु पर्नेछ । विदेशबाट उत्पादन आयात भएको तर नेपालमा आधिकारीक वितरक नभई प्रयोगकर्ता आफैंले मात्र प्रयोग गर्ने गरी संझौता भएको भए प्रयोगकर्ता आफैंले उत्पादकको तर्फबाट निर्वाह गर्नु पर्ने जिम्मेवारी समेत निर्वाह गर्ने गरी निवेदन गरेमा प्रयोगकर्ताले प्रमाणीकरण गरी विभागमा सूचीकरण गराउन सक्नेछ।

# महानिर्देशकको नेतृत्वमा कार्यालय अनुगमन

सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ को नियम ४० ले गरेको व्यवस्थाको कार्यान्वयन गर्न तथा आन्तरिक राजस्व विभाग अन्तरगतका कार्यालयहरुको कार्यसम्पादन स्तरलाई गुणस्तरीय तथा सेवाग्राहीमैत्री बनाउने उद्देश्यले आन्तरिक राजस्व विभागका महानिर्देशक बिनोद बहादुर कुँवरज्यूको नेतृत्वमा बिभागका निर्देशकहरु कृष्णप्रसाद पराजुली, अर्जुनप्रसाद भट्टराई, नारद गौतम र शाखा अधिकृत खगेन्द्र खड्काबाट मिति २०७६/०९/०९ देखि ०९/१२ गतेसम्म पूर्वान्चल क्षेत्रका आन्तरिक राजस्व कार्यालयहरु भद्रपुर, दमक, धरान, बिराटनगर तथा २०७६/०९/१७ देखि २० गतेसम्म सुदुरपश्चिम र मध्यपश्चिमका आन्तरिक राजस्व कार्यालयहरु धनगढी, महेन्द्रनगर, नेपालगञ्ज र सुर्खेतको अनुगमन गर्दै आ.व. २०७५/०७६ र चालू आ.व. २०७६/०७७ मंसिरसम्म कार्यालयहरूलाई तोकिएको राजस्व असुली तथा कार्यमूलक परिसूचकहरुको लक्ष्य र उक्त परिसूचकहरुको सम्बन्धमा सो अवधि सम्ममा कार्यालयले प्रतिवेदन गरेका कार्य प्रगतिको स्थलगत अनुगमन गर्नुभयो । अनुगमनका क्रममा सम्पूर्ण कर्मचारीलाई अनुगमन अवधिसम्म प्राप्त सफलताको प्रशंसा सहित धन्यवाद दिनुभयो । साथै चालू आ.व. २०७६/०७७ को लागि कार्यालहरूलाई तोकिएको राजस्व असुली तथा कार्यमूलक परिसूचकहरुको लक्ष्य अनुरुप प्रगति हासिल गर्न थप प्रयास गर्न निर्देशन दिनुभयो ।

# स्थायी संस्थापन सम्बन्धी तालिम सम्पन्न



आन्तरिक राजस्व विभागमा GIZ Revenue Administration Support (RAS) project को सहयोगमा मिति २०७६/०७/०६ देखि ०९ गतेसम्म स्थायी संस्थापन (Permanent Establishment) विषयक दुई दिने तालिम सम्पन्न भएको छ । विभाग र उपत्यका स्थित कार्यालयका अधिकृतहरुका लागि लक्षित गरी विभागको सभाहलमा संचालन गरिएको उक्त तालिम कार्यक्रममा उपत्यका स्थित कार्यालयका प्रमुख कर अधिकृत तथा कर अधिकृत र विभागका निर्देशकहरु तथा शाखा अधिकृतहरु गरी ३७ जनाको सहभागिता रहेको थियो ।

उक्त तालिममा स्थायी संस्थापन (Permanent Establishment) स्थापित हुने अवस्था र करारोपणका सन्दर्भमा आयकर ऐन, २०५८ मा प्रयुक्त व्यवस्था तथा दोहोरो कर मुक्ति सम्झौतामा रहेका प्रावधानहरुको विषयमा जानकारी प्रदान गरिएको थियो । उक्त तालिमको सहजीकरण वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट भवनाथ दाहालले गर्नु भएको थियो । तालिम समापनको अवसरमा विभागका उप-महानिर्देशक झलकराम अधिकारीले प्रशिक्षार्थीहरुलाई बधाई दिनुका साथै यस्ता तालिमले ज्ञान तथा सीपमा अभिबृद्धि गरी कार्यदक्षतामा सुधार ल्याउने कुरामा विश्वस्त रहेको कुरा व्यक्त गर्दै प्रशिक्षार्थीहरुलाई सिकेका विषयबस्तुलाई कार्यक्षेत्रमा उपयोग गर्न आग्रह गर्नुभयो ।

# एकिकृत कर प्रणाली सम्बन्धी तालिम सम्पन्न



मिति २०७६/०८/०५ र ०६ गते आन्तरिक राजस्व विभाग र अन्तर्गतका उपत्यका बाहिरका आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयमा कार्यरत Data Entry Supervisor हरुका लागी दुई दिने एकिकृत कर प्रणाली (Integrated Tax System) सम्बन्धी तालिम सम्पन्न भएको छ । उक्त तालिममा २० जना Data Entry Supervisor हरुको सहभागिता रहेको थियो । तालिममा सहभागीहरुलाई विभागको एकिकृत कर प्रणाली भित्रका विभिन्न आयामहरु, फारम तथा विवरण प्रविष्टि सम्बन्धी विविध पक्षमा सैद्धान्तिक तथा प्रयोगात्मक जानकारी प्रदान गरियो । तालिम समापनको अवसरमा विभागका निर्देशक सम्झना वरालले प्रशिक्षार्थीहरुलाई बधाई दिनुका साथै यस्ता तालिमले ज्ञान तथा सीपमा अभिबृद्धि गरी कार्यदक्षतामा सुधार ल्याउने कुरामा विश्वस्त रहेको कुरा व्यक्त गर्दै प्रशिक्षार्थीहरुलाई सिकेका विषयबस्तुलाई कार्यक्षेत्रमा उपयोग गर्न आग्रह गर्नुभयो ।

# सुचना प्रविधि प्रयोगशाला हस्तान्तरण

मिति २०७६/०८/०५ गतेका दिन कर सप्ताह २०७६ को अवसर पारेर GIZ RAS परियोजनाले तयार गरेको सुचना प्रविधि सम्बन्धी प्रयोगशाला (Training Lab) यस विभागलाई हस्ता( न्तरणगरेको छ । आन्तरिक राजस्व कार्या( लय महाराजगञ्जको भवनसंगै रहेको उक्त प्रयोगशाला यस विभागका महानिर्देशक विनोद वहादुर कुँवरलाई GIZ RAS परियोजनाका प्रमुख प्राविधिक सल्लाहकार डेभिड डेभिडसनले एक समारोहका बीच हस्तान्तरण गर्नुभएको थियो । हस्तान्तरण पश्चात सोही प्रयोगशालामा एकिकृत कर प्रणाली सम्बन्धी दुई दिने तालिम समेत सम्पन्न भएको थियो



# निर्माण व्यवसायको कर परीक्षण सम्बन्धी तालिम सम्पन्न

मिति २०७६/०९/०७ देखि १० गतेसम्म यस विभागको सभाहलमा निर्माण व्यवसायको कर परीक्षण विषयक चार दिने तालिम सम्पन्न भएको छ। अधिकृत तथा कर अधिकृत र विभागका शाखा अधिकृतहरु गरी ३० जनाको सहभागिता रहेको थियो। उक्त तालिममा निर्माण व्यवसायको सहजीकरण नेपाल इन्जिनियर्स एसोसियसनका पदाधिकारीद्धारा गरिएको थियो। तालिम समापनको अवसरमा विभागका उप-महानिर्देशक



विभाग र काठमाण्डौ उपत्यका स्थित कार्यालयका अधिकृतहरुका लागि लक्षित गरी विभागको सभाहलमा संचालन गरिएको उक्त तालिम कार्यक्रममा उपत्यका स्थित कार्यालयका प्रमुख कर कर परीक्षण गर्दा करारोपणका सन्दर्भमा आयकर ऐन, २०५८ को व्यवस्था बमोजिम कर गणनाका प्रावधानहरुको विषयमा जानकारी प्रदान गरिएको थियो। उक्त तालिमको थानेश्वर गौतमले प्रशिक्षार्थीहरुलाई बधाई दिनुका साथै तालिममा सिकेका विषयबस्तुले कार्यक्षेत्रमा आउने निर्माण व्यबसायीहरुको कर परीक्षण सम्बन्धका जटिलतालाई सम्वोधन गर्न उपयोगी हुनेछ भन्ने अपेक्षा गर्नु भयो।



# करदाता सेवा कार्यालय लम्की, कैलालीको समुद्घाटन

२०७६ पौष १८ गते शुक्रबार माननीय अर्थमन्त्री डा. युवराज खतिवडाद्वारा ताम्रपत्र अनावरण गरी औपचारिक समुद्घाटन गर्नुभयो । उक्त समुद्घाटन समारोहमा सुदुर पश्चिम प्रदेश सभाका सदस्य रतन थापा, कैलाली जिल्ला समन्वय समितिका सभापति सुर्य बहादुर थापा, आन्तरिक राजस्व विभागका महानिर्देशक बिनोद बहादुर कुँवर, भन्सार विभागका महानिर्देशक सुमन दाहाल, आन्तरिक राजस्व कार्यालय धनगढीका प्रमुख कर अधिकृत चन्द्र कुमार श्रेष्ठ लगायत स्थानीय तहका नगर प्रमुख, उपप्रमुख,गाउँपालिका अध्यक्ष, उद्योग वाणिज्य संघका पदाधिकारीहरु, बस्तुगत संघसंगठनका प्रतिनिधिहरु, यस क्षेत्रका उद्योगी व्यवसायीहरुको उपस्थिति रहेको थियो । माननीय अर्थमन्त्रीले सो समुद्घाटन समारोहलाई सम्बोधन गर्नुहुदै कर प्रशासनलाई प्रभावकारी, पारदर्शी, मितव्ययी र चुस्त दुरुस्त बनाई कर संकलनमा बृद्धि गर्नुपर्ने भनाई राख्नु हुदै ऐन नियमअनुसार लाग्ने कर रकम बाहेक एक रुपैयाँ पनि बढि नलिन र एक रुपैयाँ पनि कर नछाड्न निर्देशन दिनुभयो । आन्तरिक राजस्व विभागका महानिर्देशक बिनोद बहादुर कुँवरले समारोहमा उपस्थित सबैलाई धन्यवाद दिनुहुँदै कार्यालयलाई यस क्षेत्रका सबै उद्योगी व्यवसायीहरुले कर अभिबृद्धि गर्ने कार्यमा सहयोग गरि छिट्टै आन्तरिक राजस्व कार्यालयमा स्तरोन्नती गर्नुपर्ने भनाई व्यक्त गर्नुभयो । समुद्घाटन कार्यक्रमको सञ्चालन करदाता सेवा कार्यालय



लम्कीका कर अधिकृत सुरेन्द्र पोखेलले गर्नुभएको थियो । मिति २०७५/०३/२० गतेको मन्त्रिपरिषद्को निर्णयबाट स्थापना भएको करदाता सेवा कार्यालय लम्कीमा मिति २०७५/०६/०१ गते देखिकार्य प्रारम्भ भएको थियो ।

# आन्तरिक राजस्व कार्यालय तुलसीपुर, दाङ

२०७६ मंसिर १ गते आन्तरिक राजस्व कार्यालय तुलसीपुरको प्रांगणमा जिल्ला स्थित उद्योग वाणिज्य संघ, अडिटर्स एसोसिएसनका अध्यक्ष तथा पदाधिकारीहरु कार्यालयका कर्मचारीहरु तथा विभिन्न व्यवसायीहरुको उपस्थितिमा आठौं राष्ट्रिय कर दिवस, २०७६ को समुद्घाटन भयो । सोही दिन दिउँसो १ वजे घोराही उपमहानगरपालिकाको सभाहलमा आन्तरिक राजस्व विभागको आयोजना तथा सिस्नुपानी नेपालको प्रस्तुति रहेको करमैत्री यात्रा सम्पन भएको थियो ।

२०७६ मंसिर २ गते देउखुरी उद्योग वाणिज्य संघ, लमहीको सभाहलमा, मंसिर ३ गते दाङ जिल्ला उद्योग वाणिज्य संघ, घोराहीको सभाहलमा र मंसिर ४ गते हापुरे उद्योग वाणिज्य संघको सभाहलमा कर शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रमहरुमा उद्योग वाणिज्य संघका अध्यक्ष एवं अन्य पदाधिकारीहरु,पत्रकार




महासंघका पदाधिकारीहरु वस्तुगत संघ सस्थाका अध्यक्ष तथा प्रतिनिधि, सञ्चारकर्मी एवं करदाताहरुको उपस्थिति रहेको थियो । यसै गरी मंसिर ५ गते राप्ति बबइ क्याम्पसमा र मंसिर ६ गते तुलसीपुर उद्योग वाणिज्य संघमा कर शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । करदाता शिक्षा कार्यक्रममा चेतनामुलक सामाग्रीहरु, पर्चा, पम्प्लेट समेत वितरण गरिएको थियो । २०७६ मंसिर ७ गते बृहत अन्तरक्रिया कार्यक्रम सहित आयोजना गरी सो अवसरमा कार्यालयको कार्यक्षेत्र अन्तर्गतका सवैभन्दा वढी राजस्व दाखिला गर्ने करदातालाई सम्मान र उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत समेत गरी कर सप्ताहको समापन गरियो ।

# आन्तरिक राजस्व कार्यालय सुर्खेत

आठौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह, २०७६ को आन्तरिक राजस्व कार्यालय सुर्खेतद्वारा मंसिर १ गते देखि ७ गतेसम्म विभिन्न कार्यक्रम गरी सम्पन्न गरियो । कर्णाली प्रदेश उद्योग वाणिज्य संघ, सुर्खेत, सुर्खेत चेम्वर अफ कमर्स, अडिटर्स एसोसिएसन, जिल्ला स्थित वस्तुगत समितिहरु, करदाता र कार्यालयका कर्मचारीको सहभागितामा आन्तरिक कार्यालय सुर्खेतको प्राङ्गणमा आर्थिक मामिला तथा योजना मन्त्रालय कर्णाली प्रदेश सुर्खेतका सचिव विष्णुप्रसाद नेपालद्वारा पानसमा दियो वालेर उद्घाटन भएको थियो । उक्त कर सप्ताहमा कर शिक्षा तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो। २०७६ मंसिर २ गते आन्तरिक राजस्व विभागको आयोजना तथा सिस्नुपानी नेपालको प्रस्तुति




रहेको करमैत्री यात्रा सम्पन भएको थियो । २०७६ मंसिर ३ गते श्री सिम्ता गाँउपालिका क्षेत्रका करदातालाई लक्षित गरी करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो । यसै गरी २०७६ मंसिर ४ गते उद्योग वाणिज्य संघ, सुर्खेतको सभाहलमा सुर्खेतका उद्यमी व्यवसायीहरुको उपस्थितिमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । २०७६ मंसिर ५ गते श्री आठबीस नगरपालिका क्षेत्रका सरकारी विद्यालय, संघसंस्थाका प्रमुख तथा लेखामा काम गर्ने कर्मचारी तथा करदातालाई लक्षित गरी करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो । साथै २०७६ मंसिर ६ गते कोष तथा लेखा नियन्त्रकको कार्यालय सुर्खेतमा प्रदेश तथा स्थानीय निकायका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई E-TDS सम्बन्धी तालिम दिईयो । २०७६ मंसिर ७ गते बढी कर तिर्ने करदातालाई सम्मान कार्यक्रम तथा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत समेत गरी कर सप्ताह सम्पन्न गरियो ।

## गुणस्तरीय दर्ता सम्बन्धी सूचना

आर्थिक कृयाकलापमा संलग्न कुनै व्यक्ति वा निकायले अनिवार्य रूपमा स्थायी लेखा नम्वर (PAN) लिएर मात्र कारोवार गर्नु पर्ने तथा त्यस्ता व्यक्ति वा निकायले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवाको कारोवार गर्ने भएमा अनिवार्य रूपमा मूल्य अभिवृद्धि करमा समेत दर्ता हुनु पर्ने प्रावधान आयकर ऐन, (संशोधन सहित) २०५८ तथा मूल्य अभिवृद्धि कर ऐन, (संशोधन सहित) २०५२ मा रहेको छ। तसर्थ, आर्थिक क्रियाकलापमा संलग्न सवैले स्थायी लेखा नम्वर लिई र मूल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवाको कारोवार गर्ने व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता भई वील वीजक जारी गर्ने, खरिद विक्री कारोवारको अभिलेख राख्ने, आफ्नो कारोवारको आफैले कर निर्धारण गरी मूल्य अभिवृद्धि कर विवरण तथा आय विवरण एवं लाग्ने कर समयमा नै दाखिला गर्नु गराउनु भई कर कानूनको परिपालना गर्न गराउन जानकारी गराईन्छ । करदाता दर्ता हुंदा यदाकदा वास्तविक रूपमा कारोवारमा सम्लग्न व्यक्ति र निकाय दर्ता नभई कामदार वा अन्य असम्वन्धित व्यक्तिका नाममा कारोवार दर्ता गरी वास्तविक रूपमा कारोवार गर्ने व्यक्तिले अन्य सामान्य अन्जान व्यक्तिका नामवाट फाईदा लिई करको दायित्व अन्य व्यक्तिलाई सिर्जना गर्ने प्रवृत्ति समेत देखिने गरेको हुंदा वास्तविक रूपमा कारोवारमा सम्लग्न व्यक्तिका नाममा मात्र फर्म वा कम्पनी दर्ता भई आफ्नो कारोवारको सूनिश्चितता गरी दर्ता गर्न गराउनु हुन साथै आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूले करदाता दर्ता गर्दा गुणस्तरीयदर्ता (Quality Registration) मा ध्यान दिई वास्तविक करदाताहरू मात्र एकीन गरी दर्ता गर्ने गराउने व्यवस्था मिलाउनु हुन आम करदाता तथा सम्वद्ध कर्मचारीहरूलाई जानकारी गराईन्छ ।

# करदाता सेवा कार्यालय डडेल्धुरा

करदाता सेवा कार्यालय डडेल्धुराले "स्वच्छ कर प्रशासनः विकास र सुशासन" भन्ने मूल नाराका साथ आठौं राष्ट्रिय कर दिवस मंसिर १ गते शुभारम्भ भयो। डडेल्धुरा जिल्लाका प्रमुख जिल्ला अधिकारी राजु प्रसाद पौडेलले पानसमा दीप प्रज्वलन गरी हप्ताभर सञ्चालन हुने कर सप्ताह कार्यक्रमको समुद्घाटन गर्नु भएको थियो। मन्तव्यका क्रममा उहाँले कर प्रति डर हैन भर गर्नु पर्ने भन्दै कर दिवसको शुभकामना दिनु भयो। करदाता सेवा कार्यालय डडेल्धुराका कार्यालय प्रमुख एवं कर अधिकृत तिलकराज बोगटीको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा उद्योग वाणिज्य संघ डडेल्धुराका पदाधिकारी, विभिन्न कार्यालयका कार्यालय प्रमुख, सुरक्षा निकायका प्रमुख, सरोकारवाला करदाताहरु लगायत सञ्चारकर्मीहरुको समेत उपस्थिति रहेको थियो। कर दिवस तथा कर सप्ताहको अवधिमा सरोकारवाला तथा करदाताहरुका माझ उद्योग वाणिज्य संघ डडेल्धुराको सहकार्यमा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम समेत सम्पन्न भएको थियो। कर सप्ताह २०७६ को समापन मंसिर ७ मा बैतडी जिल्लाको पाटन नगरपालिकाको खोड्पे बजारमा भएको थियो।




## आन्तरिक राजस्व विभागको

### अनुसूची तथा फारामहरुमा समसामयिक परिमार्जन सम्बन्धि सूचना

आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम दाखिला गर्नुपर्ने आय विवरण साथ पेश हुने अनुसूची तथा फारामहरुमा समसामयिक परिमार्जन गरी मिति २०७६।०४।०१ देखि लागू हुने गरी आयकर ऐन, २०५८ को दफा ७७ बमोजिम तोकि सोहि दफाको उपदफा (२) बमोजिम सम्बद्ध सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

# करदाता सेवा कार्यालय पाल्पा




करदाता सेवा कार्यालय पाल्पाको आयोजनामा मंसिर १ गतेदेखि ७ गतेसम्म विभिन्न कार्यक्रम गरी कर सप्ताह २०७६ भव्य रुपमा सम्पन्न गरियो । यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका सरोकारवाला उद्योगी व्यबसायी, संघ सस्थाका प्रतिनिधि, कर्मचारी पत्रकार, तथा विद्यार्थी सहितको सहभागितामा मंसिर १ गते प्रभात फेरी सहित प्रचारप्रसारका कार्यक्रम गरी सम्पन्न गरियो । मंसिर ३ गते न्यू होराईजन मा.वि.का व्यबस्थापन संकायका विद्यार्थीलाई कर सम्बन्धी प्रशिक्षण कार्यक्रम, मंसिर ४ गते अर्गली बहुमुखी क्याम्पसमा कर शिक्षा कार्यक्रम तथा उद्योग वाणिज्य संघ वलेटक्सार गुल्मीको समन्वयमा त्यस क्षेत्रका सरोकारवाला व्यबसायीहरुको सहभागीतामा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । यसका साथै मङ्सिर ६ गते जिल्ला प्रशासन कार्यालय पाल्पाको सभाहलमा पाल्पा जिल्लाका सरकारी कार्यालयका लेखापालहरुलाई E-TDS सम्बन्धी प्रशिक्षण कार्यक्रम संचालन गरिएको थियो । २०७६ मंसिर ७ गते आन्तरिक राजस्व कार्यालय वुटवलमा उत्कृष्ट करदातालाई सम्मान कार्यक्रम सहित कर सप्ताहको विधिवत रुपमा समापन गरियो ।

## बस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने र मूल्य अभिवृद्धि करमा दर्ता हुने सम्बन्धी सूचना

आर्थिक विधेयक, २०७६ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा गरेको संशोधन अनुसार गहुँको आँटा, सोयावडी मस्यौरा, टेम्पो र ढुवानी सेवामा मूल्य अभिवृद्धि कर लाग्ने र देहायका कारोबारलाई अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता गर्नुपर्ने गरी थप व्यवस्था भएको व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ ।

- कुनै व्यक्तिले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका क्षेत्रभित्र शैक्षिक तथा कानूनी परामर्श, लेखा तथा लेखा परीक्षण सम्बन्धी सेवा सञ्चालन गरेमा,
- मदिरा, वाइन, हेल्थ क्लव, डिस्को थेक, मसाज थेरापी, मोटर पार्टस, विद्युतिय सफ्टवेयर, भन्सार एजेन्ट, खेलौनाको व्यवसाय, कवाडी तथा पशुको व्यवसाय,

अतः मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा भएको संशोधन व्यवस्था मिति २०७६।०२।१५ देखि लागू भइसकेकोले ढुवानी सेवा प्रदान गर्ने व्यक्ति लगायत माथि उल्लेख भएका वस्तु तथा सेवाको कारोवार गर्ने व्यक्तिहरुले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएर मात्र कारोबार गर्नुपर्ने कानुनी व्यवस्था भएको हुँदा अविलम्ब आफ्नो कारोबार रहेको क्षेत्रको अन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा सम्पर्क गरी मूल्य अभिवृद्धि करमा दर्ता हुन सूचित गरिएको छ ।

# आर्थिक वर्ष २०७६/७७ बाट लागू हुने राजस्व संकेत र व्याख्या

| सि. नं. | आ.व. २०७६।०७७ देखी कायम भएको राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | आ.व. २०७५।०७६मा कायम भएका संकेतहरु | ब्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | संघ | प्रदेश | स्थानीय |
| १ | १११११ | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर | १११११ | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| २ | ११११२ | पारिश्रमिक कर | ११११२ | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ३ | ११११३ | पूँजीगत लाभ कर | ११११३ | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा व्यक्ति तथा एकलौटी फर्मलाई लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ४ | १११२० | निकायको आयमा लाग्ने कर | १११२० | व्यवसायिक निकाय तथा संस्थानको आयमा लाग्ने कर यसमा पर्दछ।यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | √ | | |
| ५ | १११२१ | निकायको मुनाफामा लाग्ने कर-सरकारी संस्थान | १११२१ | सरकारको पूर्ण वा अधिकांश (५०प्रतिशत भन्दा बढी)स्वामित्व भएका सरकारी निकाय तथा त्यस्ता निकायको व्यवस्थापकीय नियन्त्रण भएको निकायको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ६ | १११२२ | निकायको मुनाफामा लाग्ने कर - पब्लिक लिमिटेड कम्पनी | १११२२ | कुनै विशेष ऐन वा कम्पनी ऐन अन्तर्गत दर्ता भएका पव्लिक लिमिटेड कम्पनी र सरकारको ५०प्रतिशत भन्दा कम स्वामित्व भएका कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ७ | १११२३ | निकायको मुनाफामा लाग्ने कर –प्राइभेट लिमिटेड कम्पनी | १११२३ | कम्पनी ऐन अन्तर्गत दर्ता भएका प्राइभेट लिमिटेड कम्पनी तथा आयकर ऐन बमोजिम तोकिएको कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ८ | १११२४ | निकायको मुनाफामा लाग्ने कर –अन्य संस्था | १११२४ | माथि उल्लिखित उपशीर्षक १११२१ देखि १११२३ भित्र परेका बाहेक अन्य संस्थाहरुः- साझेदारी फर्म, सहकारी संस्था, ट्रष्ट, युनिट ट्रष्ट, संघ/संस्था, विदेशी कम्पनी एवं अन्य निकायको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ९ | १११२५ | पूँजीगत लाभ कर - निकाय | १११२५ | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा निकायलाई लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १० | १११३० | लगानीको आय तथा अन्य आयमा लाग्ने कर | १११३० | माथि उल्लेखित शीर्षक १११११ देखि १११२५ भित्र परेका बाहेक अन्य आयमा लाग्ने कर यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। | √ | | |
| ११ | १११३१ | सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | १११३१ | घर, जग्गा, सवारी साधन तथा अन्य अचल सम्पत्ती बहाल वा पट्टा वा दीर्घकालीन करारमा दिए वापतको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | □ |
| १२ | १११३२ | ब्याजमा लाग्ने कर | १११३२ | बैंक, वित्त कम्पनी वा अन्य निकाय वा व्यक्तिबाट भुक्तानी गरिने वा प्राप्त हुने ब्याजमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १३ | १११३३ | लाभांशमा लाग्ने कर | १११३३ | कुनैपनि कम्पनी वा निकायमा लगानी गरे वापत | √ | | |

| सि. नं. | आ.व. २०७६।०७७ देखी कायम भएको राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | आ.व. २०७५।०७६मा कायम भएका संकेतहरु | ब्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | संघ | प्रदेश | स्थानीय |
| | | | | प्राप्त हुने लाभांशमा लाग्ने कर यसमा पर्दछ। | | | |
| १४ | ११९३४ | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर | ११९३४ | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १५ | ११९३५ | आकस्मिक लाभ कर | ११९३५ | जुवा, चिठ्ठा, बाजी, उपहार, दान, अपुताली, सुराकी, पुरस्कार लगायतका आकस्मिक लाभका स्रोतबाट प्राप्त आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १६ | ११९३९ | अन्य आयमा लाग्ने कर | ११९३९ | माथि उल्लेखित शीर्षक नं. हरूमा नपरेका अन्य आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १७ | ११२११ | पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | ११२११ | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने समग्र आयमा एकमुष्ट रूपमा तोकिए बमोजिम लिईने सामाजिक सुरक्षा कर यसमा पर्दछ। | √ | | |
| १८ | ११४४२ | स्वास्थ्य सेवा कर | ११४४२ | सरकार तथा सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेक अन्य स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवामा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १९ | ११४४३ | शिक्षा सेवा कर- शैक्षिक संस्था | ११४४३ | निजी शैक्षिक संस्थाहरूले प्रदान गर्ने तोकिएका शैक्षिक सेवाहरूमा लाग्ने शिक्षा सेवाशुल्क यसमा पर्दछ। | √ | | |
| २० | ११४४४ | शिक्षा सेवा कर- वैदेशिक अध्ययन | ११४४४ | विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरूले बुझाउनु पर्ने शिक्षण शुल्कमा लाग्ने सेवा शुल्क वापत्को रकम यसमा पर्दछ। | √ | | |
| २१ | ११४५४ | सडक निर्माण तथा सम्भार कर | ११४५४ | सवारी साधन दर्ताका वखत यातायात व्यवस्था कार्यालयमा सवारी साधनको किसिम अनुसार सङ्कलन गरिने कर यसमा पर्दछन्। | √ | | |
| २२ | १४२१४ | दूरसंचार सेवा शुल्क | १४२१४ | दूरसञ्चार सेवा शुल्क वापत्को रकम यसमा पर्दछ। | √ | | |
| २३ | १४२१५ | टेलिफोन स्वामित्वको शुल्क | १४२१५ | टेलिफोन स्वामित्व वापत्को रकम यसमा पर्दछ। | √ | | |
| २४ | ३३३११ | मू. अ. कर-उत्पादन | ३३१११ | उत्पादनकर्ताले वस्तु उत्पादन गरी बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। | √ | | |
| २५ | ३३३१३ | मू. अ. कर -वस्तु बिक्री र वितरण | ३३११३ | थोक तथा खुद्रा बिक्रेताबाट मूल्य अभिवृद्धि कर वापत तिर्नु पर्ने रकम यसमा पर्दछ। | √ | | |
| २६ | ३३३१४ | मू. अ. कर -परामर्श तथा ठेक्का | ३३११४ | सबै प्रकारका ठेक्का व्यावसाय तथा परामर्श सेवामा लाग्ने मूल्य अभिवृद्धि कर यसमापर्दछ। मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका ठेक्का कर असुलभएमा यसैमा जम्मा गर्नु पर्दछ। | √ | | |
| २७ | ३३३१५ | मू. अ. कर -पर्यटन सेवा संकलन | ३३११५ | पर्यटन व्यवसायसँग सम्बन्धित होटल, ट्राभल एजेन्सी, पदयात्रा (ट्रेकिङ), जलयात्रा (र्‍याफ्टिङ) समेतका व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु | √ | | |

| सि. नं. | आ.व. २०७६।०७७ देखी कायम भएको राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | आ.व. २०७५।०७६मा कायम भएका संकेतहरु | ब्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | संघ | प्रदेश | स्थानीय |
| | | | | अगाडि असुल हुन बाँकी रहेका होटल कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ । | | | |
| २८ | ३३३१६ | मू. अ. कर -संचार सेवा, विमा, हवाई उडान र अन्य सेवा संकलन | ३३११६ | सबै प्रकारका सञ्चार सेवा (सरकारी हुलाक सेवा बाहेक), बीमा र तोकिएका अन्य सेवाको बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर र हवाई उडान कर वापत्को रकम यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका मनोरन्जन कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ । | √ | | |
| २९ | ३३३१७ | मू. अ. कर - बेदर्तावालाबाट गर्ने संकलन | ३३११७ | नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्दा उठाउनु पर्ने मूल्य अभिवृद्धि कर, काठ बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर, स्थानीय तह वा नेपाल स्थित अन्तर्राष्ट्रिय संघ संस्था वा नियोग वा सरकार वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोवार गर्ने सार्वजनिक संस्थानले सङ्कलन/दाखिला गर्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । | √ | | |
| ३० | ३३३३१ | अन्तःशुल्क -सुर्तिजन्य पदार्थ | ३३१३१ | सबैप्रकारका सुर्तीजन्य पदार्थको उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। | √ | | |
| ३१ | ३३३३२ | अन्तःशुल्क -मदिरा | ३३१३२ | मदिरा (वाईन र हल्का पेय पदार्थ समेत) को उत्पादनमा लाग्ने अन्तःशुल्क रकम यसमा पर्दछ | √ | | |
| ३२ | ३३३३३ | अन्तःशुल्क -बियर | ३३१३३ | वियरको उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। | √ | | |
| ३३ | ३३३३४ | अन्तःशुल्क -अन्य औद्योगिक उत्पादन | ३३१३४ | माथि उल्लेखित उपशीर्षक ३३३३१, ३३३३२ र ३३३३३ मा परेको बाहेक अन्य औद्योगिक उत्पादनमालाग्ने अन्तःशुल्क यसमा पर्दछ। | √ | | |

संरक्षक
बिनोद बहादुर कुँवर

सल्लाहकार
थानेश्वर गौतम
मुक्ति प्रसाद पाण्डे

प्रकाशक
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

सम्पादन समूह
सम्झना बराल ढकाल
राजु प्रसाद प्याकुरेल
केशर बहादुर पण्डित
हरि प्रसाद भण्डारी
काशिनाथ भट्टराई
टिका उपाध्याय



कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं।